# सूचना:

## तलबी बिरामी बिदा ऐन (PAID SICK DAYS ACT):

## पिट्सबर्ग सिटी कोड च्याप्टर 626

सिटी अफ पिट्सबर्ग तलबी बिरामी बिदा ऐन (City of Pittsburgh’s Paid Sick Days Act) (द "एक्ट") बमोजिम रोजगारदाताले योग्य कर्मचारीहरूलाई उनीहरूको आफ्नै वा परिवारका सदस्यहरू बिरामी पर्दा, चोटपटक लाग्दा वा स्वास्थ्य समस्या पर्दा; वा जनस्वास्थ्य आपतकाल वा परिवारका सदस्य सङ्क्रामक रोगको सम्पर्कमा आएको अवस्थामा स्याहारका लागि तलबी बिरामी समय उपलब्ध गराउनैपर्छ । (प्रयोगका लागि अनुमति हुने पूर्ण सूचीका लागि पिट्सबर्ग सिटी कोड (Pittsburgh City Code), §626.04 हेर्नुहोस्; कृपया लागू हुने परिभाषाहरूका लागि ऐनको प्रयोगको सम्बन्धमा जारी ऐन तथा निर्देशिकाहरू पनि हेर्नुहोस् ।)

| तलबी बिरामी समय अधिकारको सारांश | | |
|---|---|---|
| रोजगारदाताको आकार (गएको बाह (12) महिना) | पन्द्रह (15) कर्मचारीहरूभन्दा कम | पन्द्रह (15) वा सोभन्दा धेरै कर्मचारीहरू |

| | | |
|---|---|---|
| ऐन अन्तर्गत बिरामी समय जम्मा गर्न पाउने दर | सिटी अफ पिट्सबर्गको भौगोलिक सीमाभित्र हरेक 35 घण्टाको काममा 1 घण्टाको तलबी बिरामी समय<br><br>**नोट: तल लागू हुने मितिपछि पहिलो वर्षका लागि, बेतलबी बिदा समय मात्र यो दरमा जम्मा हुनैपर्छ ।** | सिटी अफ पिट्सबर्गको भौगोलिक सीमाभित्र हरेक 35 घण्टाको काममा 1 घण्टाको तलबी बिरामी समय |
| यस ऐन अन्तर्गत जम्मा गर्नेमा सीमाहरू<br><br>(नोट: तपाईंको रोजगारदाताको अझ बढी उदार बिदा नीति हुनसक्छ ।) | रोजगारदाताले बढी समय निर्दिष्ट नगर्दासम्म एक क्यालेन्डर वर्षमा तलबी बिरामी समय चौबिस (24) घण्टाभन्दा बढी नहुने ।<br><br>**नोट: तल सूचिकृत लागू हुने मितिपछि पहिलो वर्षका लागि, बेतलबी बिदा समय मात्र यो दरमा जम्मा हुनैपर्छ ।** | रोजगारदाताले बढी समय निर्दिष्ट नगर्दासम्म एक क्यालेन्डर वर्षमा तलबी बिरामी समय चालिस (40) घण्टाभन्दा बढी नहुने । |
| लागू हुने मिति: | मार्च 15, 2020 | मार्च 15, 2020 |

जम्मा भएको बिरामी समय अनुरोध गर्ने वा प्रयोग गर्ने कर्मचारीहरू विरुद्धको प्रतिशोधलाई निषेध गरिन्छ । यदि तपाईंलाई बिरामी समय जम्मा गर्न वा जम्मा भएको बिरामी समय प्रयोग गर्न अस्वीकार गरिएको कारणले गर्दा तपाईंलाई आफ्नो अधिकारहरू उल्लंघन भएको महसुस हुन्छ भने तपाईंसँग मेयरको अफिस अफ इक्विटीसमक्ष उजुरी दायर गर्ने अधिकार हुन्छ । थप जानकारी वा उजुरी दर्ता गर्नका लागि कृपया https://paidsickleave.pittsburghpa.gov मा जानुहोस् ।

सुरुमा जारी गरिएको मिति: 12/16/2019

संशोधित जारी गरिएको मिति: 12/17/2019